**बैठक नं.९**

आज मिति २०८०/१०/१८ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षत्ता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको २:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

अरुण कुमार श्रेष्ठ - का.वा. वडाध्यक्ष - ४
अनिल गहतराज - का.वा. वडाध्यक्ष - ५
प्रशान्त पाण्डे - का.वा. वडाध्यक्ष - ६
सविता वि.क. - का.वा. वडाध्यक्ष - ८

प्रस्ताव नं. ९.१

मिति २०८०/१०/०३ मा बसेको आठौ बैठकको समीक्षा सम्बन्धमा ।

निर्णय नं. ९.१

- पुर्न प्रयोग (कवाडीजन्य) योग्य सामग्री व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गरी स्थानीय राजपत्रमा समेत प्रकाशित गरिएको ।
- करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गरी स्थानीय राजपत्रमा समेत प्रकाशित गरिएको ।
- दुध मिसनका लागि पाडी पर्बधन कार्यक्रम संचालन कार्यविधि, २०८० टेबुल भएको र उक्त कार्यविधि माथि आजको बैठकमा छलफल गर्ने गरी कार्यसूचीमा राखिएको ।
- जितगढी किल्ला संरक्षण, संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० टेबुल भएको र उक्त कार्यविधि माथि आजको बैठकमा छलफल गर्ने गरी कार्यसूचीमा राखिएको ।
- वडा नं. ६ स्थित पुरानो बसपार्कमा रहेको १४ वटा मासु पसल सटर व्यवसायीहरुको २०८० पौष मसान्त सम्मका लागि म्याद थप गरिएको ।
- नगरकार्यपालिकाको कार्यालय परिसर भित्र निर्माण गरिएको चमेनागृहको दररेट सहितको ठेक्का अंक कायम गरी टेण्डर प्रकिया अगाडि बढाउने गरी निर्णय लिइएको र टेण्डर समेत आब्हान भइसकेको ।
- शपिङ्ग कम्प्लेक्समा खाली रहेका सटरहरुको दररेट तोकी टेण्डर प्रकिया अगाडि बढाउने गरी निर्णय गरिएको र सटरहरुको टेण्डर प्रकिया समेत अगाडि बढाइएको ।
- बुटवल उपमहानगरपालिकाबाट गठित विभिन्न समितिहरुमा सहसंयोजक, उपसंयोजक र सदस्य पदहरुमा मनोनयन गरिएको ।
- दुर्गामन्दिर पथ नाली र सडक मरमत कार्य बहुवर्षिय आयोजनामा समावेश गर्ने गरी ठेक्का मार्फत कार्यान्वयन प्रकिया अगाडि बढाउने गरी निर्णय गरिएको र टेण्डर आब्हान गर्ने प्रकिया अगाडि बढेको ।
- २०८० माघ मसान्त सम्मका लागि योजनाको सम्झौता गर्ने गरी म्याद थप गरिएको ।
- आधुनिक पशुबधशालाको लागि आवश्यक ट्रान्सफर्मर खरिद गर्ने गरी ७ सात दिनको E-Bidding मार्फत सूचना प्रकाशित भएको विषय अनुमोदन गरिएको ।
- खरिद सम्झौताको लागि म्याद थप गरिएको ।
  -वडा नं. ११ स्थित बीपी, पीएल र सुर्यप्रसाद प्रधान स्मृति पार्कको वाउण्ड्रीवाल निर्माण कार्य ।
  -वडा नं. ११ देविनगर स्थित खुल्लामञ्च तथा वाउण्ड्रीवाल निर्माण कार्य ।

- वडा नं. १८ र १९ का वडा कार्यालयहरु बहुवर्षिय आयोजनामा समावेश गर्ने गरी निर्माण प्रकिया अगाडि बढाउने गरी निर्णय लिइएको ।
- टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७४ मा (चौथो संशोधन २०८०) संशोधन गरिएको ।
- आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने गरी केही आयोजनाहरुको शीर्षकान्तर गरिएको ।
- बुटवल १० स्थित अभियानपथ सडकको मरमत कार्य अगाडि बढाउने गरी निर्णय लिइएको ।
- आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने गरी नगर प्रतिक चिन्ह छनौट गरिएको ।
- स्वीकृत बजेटमध्ये राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिताका लागि आवश्यक शीर्षकबाट खर्च विवरण स्वीकृत गरिएको तथा मदन भण्डारी स्पोर्टसमा विनियोजित बजेटको शीर्षक मिलान गरिएको ।
- बुटवल उपमहानगरपालिका क्षेत्रभित्रका विभिन्न वडाहरुका लागि आवश्यक ३८ वटा आयोजनाहरु कार्यान्वयन गर्ने गरी स्वीकृत गरिएको ।
- लुम्बिनी बस टर्मिनल परिसरमा बहुतले पार्किङ्ग भवन निर्माण क्षेत्रमा रहेका रुखहरु कटान गर्ने गरी निर्णय लिइएको ।

**प्रस्ताव नं. ९.२**

दुध मिसनका लागि पाडी प्रबर्धन कार्यक्रम संचालन कार्यविधि, २०८० स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. ९.२**

मिति २०८०/१०/३ मा बसेको नगरकार्यपालिकाको आठौ बैठकको निर्णय नं. ८.४ अर्न्तगत टेबुल भएको दुध मिसनका लागि पाडी प्रबंधन कार्यक्रम संचालन कार्यविधि, २०८० माथि दफावार छलफल गरियो । उल्लेखित कार्यविधि उपमहानगरपालिकाको लागि आवश्यक भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९.३**

जितगढी किल्ला संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० स्वीकृत सम्बन्धमा ।

**निर्णय नं. ९.३**

मिति २०८०/१०/३ मा बसेको नगरकार्यपालिकाको आठौ बैठकको निर्णय नं.८.५ अर्न्तगत टेबुल भएको जितगढी किल्ला संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० माथि दफावार छलफल गरियो । छलफलमा उठेका विषयहरुलाई समेत तत्तत् दफा उपदफाहरुमा समावेश गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९.४**

शपिङ्ग कम्प्लेक्समा खाली रहेका सटरहरुको दररेट तोकी टेण्डर गर्ने सम्बन्धमा ।

**निर्णय नं.९.४**

बुटवल उपमहानगरपालिकाको स्वामित्वमा हाटबजार शपिङ्ग कम्प्लेक्सको माथिल्लो तलामा खाली रहेका देहायका सटरकोठाहरु बहालमा लगाउन आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी नियमावली, २०७६ बमोजिम लगातार ३ पटक बोलपत्र आब्हानको सूचना गर्दा पनि बोलपत्र खरिद नभएको हुँदा तत्कालका लागि तोकिएको न्यूनतम बहाल अंकलाई परिमार्जन गरी पुन: आयठेक्का मार्फत वहाल बन्दोबस्ती गर्नुपर्ने भएकोले वर्तमान व्यापारमन्दीको अवस्थालाई मध्यनजर गर्दै वजार चलायमान बनाउन र सरकारी सम्पत्ति संरक्षण तथा आन्तरिक आय बृद्धि गर्न देहाय अनुसारका सटर कोठाहरुको मासिक बहाल अंकलाई परिमार्जन गरी देहाय बमोजिमको न्यूनतम बहाल अंक निर्धारण गरी ५ वर्षका लागि दोस्रो वर्षदेखि मासिक वहालमा ५% रकम वृद्धि गर्ने गरी आयठेक्का बन्दोबस्तीको टेण्डर प्रकियामा लैजानका लागि राजश्व परामर्श समितिको मिति २०८०।९।२२ मा बसेको बैठकबाट भएको सिफारिस बमोजिम कार्यालयबाट पेश हुन आएको हुँदा सोही बमोजिम हुने गरी टेण्डर प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

| क्र.स. | शपिङ्ग कम्प्लेक्सको नाम | सटर नं. | कायम गर्नुपर्ने न्यूनतम मासिक वहाल |
|---|---|---|---|
| १ | हाटबजार शपिङ्ग कम्प्लेक्स माथिल्लो तल्ला | २८ | ७,०००।- |
| | | २९ | ७,०००।- |
| | | ३० | ७,०००।- |
| | | ३१ | ७,०००।- |
| | | ३२ | ७,०००।- |
| | | ३३ | ७,०००।- |

**प्रस्ताव नं.९.५**

बुटवल उपमहानगरपालिकाको ६५ औं स्थापना दिवस मनाउने सम्बन्धमा ।

**निर्णय नं. ९.५**

(क) बुटवल उपमहानगरपालिकाको ६५ औं स्थापना दिवसको अवसरमा मिति २०८० फागुन ३ गतेका दिनमा हुने शुभकामना आदानप्रदान कार्यक्रममा पूर्व उपप्रधान एवं अर्थमन्त्री रुपन्देही क्षेत्र नं. २ बाट निर्वाचित माननीय विष्णु प्रसाद पौडेलज्यूलाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गर्ने निर्णय गरियो ।

(ख) बुटवल उपमहानगरपालिकाको ६५ औं स्थापना दिवस मनाउनका लागि देहाय बमोजिमको मुल समारोह समिति गठन गर्ने निर्णय गरियो ।

- नगरप्रमुख, श्री खेलराज पाण्डेय, बुटवल उपमहानगरपालिका - संयोजक

- उपप्रमुख, सावित्रा देवी अर्याल, बुटवल उपमहानगरपालिका - सहसंयोजक
- वडाध्यक्ष श्री नरेन्द्र बस्नेत, वडा नं. १ बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री सुनिल शाक्य, वडा नं. २ बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री विष्णु ढकाल, वडा नं. ३ बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री नरिश्वर शर्मा, वडा नं. ४ बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री हरि प्रसाद श्रेष्ठ, वडा नं. ५ बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री लोकनाथ न्यौपाने, वडा नं. ६ बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री पदमराज गाहा, वडा नं. ७ बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री यज्ञ प्रसाद पंगेनी, वडा नं. ८ बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री प्रदिप कुमार श्रेष्ठ, वडा नं. ९ बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री बल बहादुर पुन, वडा नं. १० बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री रामचन्द्र क्षेत्री, वडा नं. ११ बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री डिल्ली प्रसाद शर्मा उपाध्याय, वडा नं. १२ बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री नारायण प्रसाद पुन, वडा नं. १३ बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री दधिराम न्यौपाने, वडा नं. १४ बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री शिव राना, वडा नं. १५ बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री कृष्ण प्रसाद पौडेल, वडा नं. १६ बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री ज्ञान बहादुर रेश्मी, वडा नं. १७ बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री गुरु प्रसाद पंगेनी, वडा नं. १८ बुटवल उपमहानगरपालिका - सदस्य
- वडाध्यक्ष श्री चन्द्रसिंह थापा (मगर), वडा नं. १९ बुटवल उपमहानगरपालिका - सदस्य
- कार्यपालिका सदस्य श्री निलम गौतम, बुटवल उपमहानगरपालिका - सदस्य
- कार्यपालिका सदस्य श्री रिना भुसाल, बुटवल उपमहानगरपालिका - सदस्य
- कार्यपालिका सदस्य श्री हेमा थामी, बुटवल उपमहानगरपालिका - सदस्य
- कार्यपालिका सदस्य श्री राधादेवी पौडेल, बुटवल उपमहानगरपालिका - सदस्य
- कार्यपालिका सदस्य श्री सुनिता खड्लुक, बुटवल उपमहानगरपालिका - सदस्य
- कार्यपालिका सदस्य श्री बसन्ती बि.क, बुटवल उपमहानगरपालिका - सदस्य
- कार्यपालिका सदस्य श्री कृष्ण बहादुर सुनार, बुटवल उपमहानगरपालिका -सदस्य
- कार्यपालिका सदस्य श्री यम बहादुर सुनार, बुटवल उपमहानगरपालिका - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत, नगरकार्यपालिकाको कार्यालय - सदस्य सचिव

(ग) खेलकुद तथा अतिरिक्त कृयाकलापहरु विगत वर्षहरुमा जस्तै कर्मचारी एशोसिएसन मार्फत संचालन तथा व्यवस्थापन गर्ने ।

(घ) स्थापना दिवस सम्पन्न गर्नका लागि कार्यालयले आवश्यकता अनुसारका उपसमितिहरु गठन गर्ने व्यवस्था मिलाउने ।

प्रस्ताव नं.९.६

नगर गीतको तयारी सम्बन्धमा ।

निर्णय नं. ९.६

यस बुटवल उपमहानगरपालिकाको पहिचानको लागि नगर गीतको आवश्यक भएको र सो को तयारीका लागि सुझाव समेत आइरहेको हुँदा नगर गीतको तयारीका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

- श्री शिव राना, वडाध्यक्ष, वडा नं. १५ एवं प्रवक्ता बुटवल उपमहानगरपालिका - संयोजक
- श्री सुनिल शाक्य, वडाध्यक्ष, वडा नं. २ बुटवल उपमहानगरपालिका - सदस्य
- श्री विष्णु ढकाल, वडाध्यक्ष, वडा नं.३ बुटवल उपमहानगरपालिका - सदस्य
- श्री हरि प्रसाद आचार्य, निर्देशक, नगरकार्यपालिकाको कार्यालय - सदस्य
- श्री सि.पि. खनाल, प्रेस विज्ञ - सदस्य सचिव

प्रस्ताव नं. ९.७

सांस्कृतिक कार्यक्रमको तयारी गर्ने सम्बन्धमा ।

निर्णय नं. ९.७

बुटवल उपमहानगरपालिकाको ६५ औं स्थापना दिवसको अवसरमा मिति २०८०/११/१ र २ गतेका दिन उपमहानगरपालिका क्षेत्र भित्रका सबै विद्यालयहरुको बीचमा भेषभुषा र संस्कृति झल्किने गरी सांस्कृतिक कार्यक्रम गर्नका लागि संयोजन गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रम सम्पन्न गर्नका लागि सम्बन्धित शीर्षकबाट रु.१० लाख बजेट विनियोजन गर्ने समेत निर्णय गरियो ।

- श्री नारायण प्रसाद पुन, वडाध्यक्ष, वडा नं.१३ बुटवल उपमहानगरपालिका - संयोजक
- श्री सुनिता खड्लुक, कार्यपालिका सदस्य, बुटवल उपमहानगरपालिका - सदस्य
- श्री बसन्ती बि.क., कार्यपालिका सदस्य, बुटवल उपमहानगरपालिका - सदस्य
- श्री दामोदर ज्ञवाली, महाशाखा प्रमुख, अनुगमन महाशाखा - सदस्य
- श्री सि.पि. खनाल, प्रेस विज्ञ - सदस्य
- श्री कमला चुदाली, अधिकृतस्तर सातौ तह - सदस्य सचिव

**प्रस्ताव नं. ९.८**

पुर्न: प्रयोग (कवाडीजन्य) हुने मालसामानको बिक्रीमा लाग्ने कर असुलीको आय ठेक्का सम्बन्धमा ।

**निर्णय नं. ९.८**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र कवाडी (पुन: प्रयोगीय वस्तु) संकलन, व्यवस्थापन र चालु आ.व.०८०/०८१ मा निकासी पैठारी गर्ने प्रयोजनका लागि न्यूनतम अंक रु.२०,०००००/- (बीस लाख मात्र) कायम गरी आय ठेक्का बन्दोबस्तीको प्रकिया अगाडि बढाउन आवश्यक भएको र मिति २०७९/१२/२९ मा बसेको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सोही बमोजिम हुने गरी आय ठेक्का बन्दोबस्तीको टेण्डर प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.९.९**

आगामी आ.व ०८१/०८२ का लागि सङ्घीय समपुरक अनुदान र विशेष अनुदान अर्न्तगतका योजना माग (छनौट) सम्बन्धमा ।

**निर्णय नं. ९.९**

आगामी आ.व. ०८१/०८२ का लागि सङ्घीय समपुरक अनुदान र विशेष अनुदान अर्न्तगत यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका देहायका आयोजनाहरु प्राथमिकताक्रममा राखी समपूरक अनुदान तर्फ कम्तीमा ५०% सहभागिताको सुनिश्चितता गरिने प्रतिबद्वता सहित छनौट गरी स्वीकृतिका लागि राष्ट्रिय योजना आयोग, सिंहदरवार काठमाडौंमा पठाउने निर्णय गरियो ।

<u>सङ्घीय समपूरक अनुदान तर्फका योजनाहरु:</u>

१.वुटवल मा.वि. देखि नुवाकोट सम्म पुरानो परम्परा झल्किने गरी पदमार्ग निर्माण : रु.५ करोड

२.बटौली युद्ध संग्रहालयमा इन्टेरियर व्यवस्थापन रु. १० करोड

३.नेपालअंग्रेज युद्धको महत्वपूर्ण किल्ला संरक्षण पर्यटकीय क्षेत्रको निर्माण र तिनाउ नदी सभ्यतामा आधारित आरती केन्द्र : रु.५ करोड

४.इमिलिचोकबाट कृष्णगंज हुदैं मोतिपुर चोक जाने अधुरो सडक निर्माण :रु.३ करोड

५.सामुदायिक विद्यालय भौतिक निर्माण रु. ३८ करोड

क) रानीगंज जनशक्ति नमूना भिमप्रसाद गोमता आ.वि.,वुटवल १७ रु.३ करोड

ख) अमर मा.वि.वुटवल १९, रु.३ करोड

ग) सूर्योदय आ.वि. वुटवल ११रु.३ करोड

घ) सिद्धेश्वर लालकुमारी मा.वि. वुटवल ७ रु.५ करोड

ङ.) नयाँगाउँमा.वि, वुटवल १२ , रु.५ करोड

च) प्रगति मा.वि. वुटवल ११रु.३ करोड

छ) जनता मा.वि. वुटवल ८ रु.३ करोड

ज) वुटवल मा.वि. वुटवल १ रु.५ करोड

झ) कान्ति मा.वि. वुटवल ४ रु.५ करोड

ञ) लक्ष्मी मा.वि. वुटवल ४ रु. ३ करोड

६. ५ विगाहा क्षेत्रफलमा १५ वेडको अस्पताल निर्माण वुटवल ११ ,   रु. २५ करोड

७.वुटवल १ र १३ को सामुदायिक वनमा विद्यार्थीहरुका लागि IT पार्क क्याफे तथा विभिन्न पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि रु. ७ करोड

८. वडा कार्यालय भवन निर्माण रु. १६ करोड

क) वडा नं. १ कार्यालय भवनरु. ३ करोड

ख) वडा नं. ४ कार्यालय भवन रु.१० करोड

ग) वडा नं. १६ कार्यालय भवनरु.३ करोड

**संघीय विशेष अनुदान तर्फका योजनाहरु:**

१.एक विद्यालय  एक नर्स कार्यक्रम  अर्न्तगत ३७ जना नर्स व्यवस्थापनका  लागि रु.२ करोड,

२.विषयगत  शिक्षक  विभाग गठन र कार्यशाला संचालन  रु.१ करोड,

३.वुटवलमा शहरी स्वास्थ्य केन्द्रमा  महिलाहरुको क्यान्सरको पाठेघर र स्तन  क्यान्सर स्क्यानिङ. र गर्भवती  महिलाहरुलाई निःशुल्क भिडियो चेक जाँचका लागि  मेशिन व्यवस्थापन रु.२ करोड,

४.जेष्ठ नागरिक पार्क निर्माण रु.३ करोड,

५.गौशाला पूर्वाधार निर्माण (देहाय बमोजिमका पूर्वाधार र व्यवस्थापन) कालागि  रु.५ करोड,

क) गौशालामा गाइगोठ निर्माण ३ वटा,

ख) गोदाम (दाना,परालघर ) २ वटा,

ग) २०० जना अट्ने योगा हल र कार्यालय भवन,

घ) पार्क,

ङ.) गौशालामा मल प्रशोधन,

च) गहत प्रशोधन,

छ.) शौचालय,

ज) कर्साघाट शवदाह स्थल निर्माण, बुटवल-१५, रु.३ करोड ।

**प्रस्ताव नं. ९.१०**

आगामी आ.व ०८१/०८२ का लागि तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गतका योजना माग (छनौट) सम्बन्धमा ।

**निर्णय नं. ९.१०**

आगामी आ.व.०८१/०८२ का लागि तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका देहायका आयोजनाहरु समृद्धि कार्यक्रमले निर्दिष्ट गरे बमोजिम यस बुटवल उपमहानगरपालिकाले ३०% लागत सहभागिता जनाउने प्रतिबद्धता सहित छनौट गरी स्वीकृतिका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाडौंमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

१.सरस्वती मा.वि. बुटवल -१२ रु.१ करोड

२.जनशक्ति नमुना भिम प्रसाद गोमाता आधारभुत विद्यालय बुटवल-१७ रु.१ करोड

३. शहित स्मृति आधारभुत विद्यालय बुटवल-११ (बुद्धनगर) रु.१ करोड

**प्रस्ताव नं. ९.११**

सडकबोर्ड नेपाल र बुटवल उपमहानगरपालिकाको म्याचिङ्गमा योजना कार्यान्वयन सम्बन्धमा ।

**निर्णय नं. ९.११**

सडकबोर्ड नेपाल र बुटवल उपमहानगरपालिकाको म्याचिङ्गमा चालु आ.व. ०८०/०८१ मा संचालन एवं कार्यान्वयन गर्ने गरी सडकबोर्ड नेपालबाट रु.१ करोड ४५ लाख विनियोजन भई पत्र मार्फत जानकारी हुन आएको र यस बुटवल उपमहानगरपालिकाबाट पनि १ करोड ५० लाख विनियोजन

भएको हुँदा देहायका योजनाहरु छनौंट गरी सहमतिका लागि सडकबोर्ड नेपालमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

| क्र. स. | सडकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | वार्ड कार्यालय २ देखि नापी कार्यालय जाने बाटो | बुटवल-२ | |
| २ | जेसिस चोक देखि ज्योति पेट्रोल पम्प सम्म | बुटवल-४ | |
| ३ | ट्राफिक चोक संगमपथ | बुटवल-४ | |
| ४ | कृषि मण्डी जाने सडक | बुटवल-५,६ | |
| ५ | चादवारी चोक हिलपार्क वडा कार्यालय भवन सम्म | बुटवल-६ | |
| ६ | पृथ्वीपथ, पासांङ्गपथ हुदै शहरी स्वास्थ्य प्रवर्धन जाने सडक | बुटवल-१२,१३ | |
| ७ | वड न.१३ स्वास्थ्य केन्द्र सम्म | बुटवल-१३ | |
| ८ | ज्योतिपुर चोक देखि शहरी स्वास्थ्य केन्द्र जाने सडक | बुटवल-१७ | |
| ९ | आम्दा चोक "क" लाइन देखि आम्दा अस्पताल सम्म | बुटवल-७ | |
| १० | विनायकपुर गाउँबाट बेलभरिया वडा कार्यालय तर्फ आउने मुख्य पहुच सडक | बुटवल-१४ | |

**प्रस्ताव नं. ९.१२**

असाधारण बिदा सम्बन्धमा ।

निर्णय नं. ९.१२

(क) यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको जनस्वास्थ्य शाखा तर्फ कार्यरत जनस्वास्थ्य निरीक्षक अधिकृतस्तर छैटौं तहका युवराज शर्मा भण्डारीको मिति २०८०/३/१ गते देखि २०८१/२/३० गते सम्म असाधारण (बेतलवी) बिदा स्वीकृतिका लागि सिफारिस गरिएकोमा निजले मिति २०८०/५/२१ मा पुनः २ वर्ष असाधारण बिदा थपका लागि माग गरेको हुँदा मिति २०८१/३/१ गते देखि २०८३/२/३० सम्मको असाधारण (बेतलवी) बिदा स्वीकृतिका लागि सिफारिस गर्ने निर्णय गरियो ।

(ख) यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सहायकस्तर पाँचौ तहमा समायोजन भई कार्यरत भागवत घिमिरेले मिति २०८०/८/४ गते देखि १ वर्षका लागि असाधारण बिदा माग गरेको हुँदा निजको माग बमोजिम मिति २०८०/८/४ गते देखि लागु हुने गरी निजको एक वर्षको असाधारण (बेतलवी) बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९.१३ विविध ।**

**प्रस्ताव नं. ९.१३.१**

घर नक्शा अभिलेखिकरण सम्बन्धमा ।

**निर्णय नं. ९.१३.१**

यस बुटवल उपमहानगरपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड, २०७७ बमोजिम बुटवल उपमहानगर क्षेत्रभित्र निर्माण भएका तर निर्माण सम्पन्न प्रमाणपत्र नभएका (सडक ,नदी,कुलो जस्ता सार्वजनिक मापदण्डका कारण नक्शा पास नभएका) आवासीय तथा व्यापारिक भवन संरचनाहरुको नक्शा अभिलेखिकरण गरी अभिलेख व्यवस्थित गर्न आवश्यक भएको हुँदा उपमहानगरपालिकाको ६५ औं स्थापना दिवसको अवसरमा २०८० फाल्गुन ३ गते अभिलेखीकरण गर्ने विषय सार्वजनिक गरी सूचना आब्हान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९.१३.२**

बुटवल आधुनिक बहुतले पार्किङ्ग भवन निर्माण सम्बन्धमा ।

**निर्णय नं.९.१३.२**

बुटवल उपमहानगरपालिका वडा न. ९ स्थित लुम्बिनी बस टर्मिनल परिसरमा पार्किङ्ग व्यवस्थापनका लागि नगर विकास कोषको ऋण तथा अनुदान सहयोगमा भौतिक सुविधा सहितको आधुनिक बहुतले पार्किङ्ग भवन निर्माण सम्बन्धमा नगर विकास कोष र बुटवल उपमहानगरपालिका बीच सम्झौता समेत भैसकेको सन्दर्भमा डिभिजन वन कार्यालय,रुपन्देहीको च. नं. १३९० मिति २०८०।१०।०८ गतेको पत्र मार्फत भवन निर्माणका लागि प्रस्तावित क्षेत्रका रुख कटानका लागि स्वीकृति प्राप्त भएको र नगर विकास कोष ,नेपालको च.न.. ५३८ मिति २०८०।०७।२० गतेको पत्र मार्फत यस नगरकार्यपालिकाको कार्यालयबाट पेश भएको **आधुनिक बहुतले पार्किङ्ग भवन निर्माण**को Bid Document (Design Build Model) खरिद प्रकृया अगाडि बढाउन सहमति (No Objection Letter) समेत प्राप्त भएकोले उक्त भवन **Design Build Model** मा निर्माण गर्न Bid document स्वीकृत गरी बोलपत्रको सूचना आब्हान गर्ने निर्णय गरियो ।

**प्रस्तव नं.९.१३.३**
सार्वजनिक सुनुवाईको प्रतिवेदन जानकारी एवं स्वीकृत सम्बन्धमा ।
**निर्णय नं.९.१३.३**
यस बुटवल उपमहानगरपालिकाबाट मिति २०८०/९/२९ गतेका दिनमा वडा नं. १७ स्थित रानीगंजमा सार्वजनिक सुनुवाई गरिएको हुँदा उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका सवाल र जवाफ सेवासंग सम्बन्धित विषयका सम्बन्धमा सहजिकरण गरेको राज्य टेलिभिजनको तर्फबाट प्राप्त हुन आएको सार्वजनिक सुनुवाईको प्रतिवेदन आजको बैठकमा प्रस्तुत भई जानकारी भयो । प्रस्तुत प्रतिवेदनले औंल्याएका विषय एवं सुझावहरुलाई क्रमशः कार्यान्वयन गर्दै जाने गरी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।
**प्रस्ताव नं. ९.१३.४**
डिपीआर तयार गर्ने सम्बन्धमा ।
**निर्णय नं. ९.१३.४**
बुटवल उपमहानगरपालिका क्षेत्र भित्रको व्यवस्थित विकास गर्ने सन्दर्भमा लगानी गर्ने दातृ निकाय एवं दाताहरुबाट प्रारम्भ भै डिपीआर खोजी हुने हुँदा यस बुटवल उपमहानगर क्षेत्र भित्रका देहायका आयोजनाहरुको कार्यान्वयन प्रकिया अगाडि बढाउनका लागि देहाय बमोजिमका आयोजनाहरुको डिपीआर प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

| क. स. | आयोजनाको विवरण | आयोजना स्थल | आयोजनाको प्रकार |
|---|---|---|---|
| क. | विद्यालयहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR/DER) तयारी | | |
| १ | श्री सरस्वती आधारभूत विद्यालय | बुटवल-१, बटौली | भौतिक पूर्वाधार |
| २ | श्री सिद्धेश्वर लालकुमारी माध्यमिक विद्यालय | बुटवल-७, दिपनगर | भौतिक पूर्वाधार |
| ३ | श्री प्रगती आधारभूत विद्यालय | बुटवल-११, प्रगतिनगर | भौतिक पूर्वाधार |
| ४ | श्री सुर्योदय आधारभूत विद्यालय | बुटवल-११, मजुवा | भौतिक पूर्वाधार |
| ५ | श्री नविन औद्योगिक माध्यमिक विद्यालय | बुटवल-११, देवीनगर | भौतिक पूर्वाधार |
| ६ | श्री नहरपुर माध्यमिक विद्यालय | बुटवल-११, नहरपुर | भौतिक पूर्वाधार |
| ७ | श्री बुटवल माध्यमिक विद्यालय | बुटवल-१ | भौतिक पूर्वाधार |
| ८ | श्री कान्ती माध्यमिक विद्यालय | बुटवल-४ | भौतिक पूर्वाधार |
| ९ | श्री जनता माध्यमिक विद्यालय | बुटवल-८, रामनगर | भौतिक पूर्वाधार |
| १० | श्री नयागाउँ माध्यमिक विद्यालय | बुटवल-१२, नयागाउँ | भौतिक पूर्वाधार |

| | | | |
|---|---|---|---|
| ११ | श्री जितेश्वरी माध्यमिक विद्यालय | बुटवल-१३, बंदेलपोखरी | भौतिक पूर्वाधार |
| १२ | श्री नवरत्न माध्यमिक विद्यालय (अंग्रेजी माध्यम) | बुटवल-१२, तामनगर | भौतिक पूर्वाधार |
| १३ | श्री नवरत्न माध्यमिक विद्यालय | बुटवल-१५, सेमलार | भौतिक पूर्वाधार |
| १४ | श्री अमर माध्यमिक विद्यालय | बुटवल-१९, भाटा | भौतिक पूर्वाधार |
| १५ | श्री भिम प्र. न्यौपाने आधारभूत विद्यालय | बुटवल-१७, रानीगन्ज | भौतिक पूर्वाधार |
| १६ | श्री लक्ष्मी माध्यमिक विद्यालय | बुटवल-०४, लक्ष्मीनगर | भौतिक पूर्वाधार |
| १७ | श्री ज्ञानोदय माध्यमिक विद्यालय | बुटवल-०५, पुल्चोक | भौतिक पूर्वाधार |
| १८ | श्री कालिका माध्यमिक विद्यालय | बुटवल-१०, कालिकानगर | भौतिक पूर्वाधार |
| १९ | श्री उजिर सिंह माध्यमिक विद्यालय | बुटवल-०२, पुल्चोक | भौतिक पूर्वाधार |
| २० | श्री सहिद स्मृति आधारभूत विद्यालय | बुटवल-११, बुद्धनगर | भौतिक पूर्वाधार |
| २१ | बेलभरिया आधारभुत विधालयको भवन निर्माण | बुटवल-१४ | भौतिक पूर्वाधार |
| ख | अन्य महत्वपूर्ण आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयारी | | |
| १ | जितगढीमा आरतीस्थल निर्माण | बुटवल-०१, जितगढी-तिनाउ नदी तर्फ | धार्मिक, पर्यटन, जलाधार तथा नदि नियन्त्रण |
| २ | बुटवल मा. वि. देखि नुवाकोट गढिसम्म पैदलमार्ग (पदमार्ग) निर्माण | बुटवल-०१ | पर्यटन पूर्वाधार |
| ३ | गौशाला निर्माण | बुटवल- ७ | कृषि तथा पशुपालन पूर्वाधार |
| ४ | १५ बेडको नगर अस्पताल निर्माण | बुटवल- ११ | स्वास्थ्य पूर्वाधार |
| ५ | वी. पी. पार्क सभाहल निर्माण | बुटवल- ७, शिवनगर | पर्यटन पूर्वाधार |
| ६ | जी. पी. प्रतिष्ठान पूर्वाधार निर्माण | बुटवल- १२, तामनगर | पर्यटन पूर्वाधार |
| ७ | कृष्ण प्रसाद भट्टराई उद्यान निर्माण | बुटवल- १३, बेलब्रास | पर्यटन पूर्वाधार |
| ८ | ढवाहा कभर्ड हल निर्माण | बुटवल- १२, ढवाहा | खेलकूद पूर्वाधार |
| ९ | मानव अधिकारका लागि एकल महिला समूहको भवन निर्माण | बुटवल- १२, तामनगर | सामाजिक पूर्वाधार |
| १० | आम्दा अस्पतालमा १०० शैयाको अस्पताल भवन निर्माण | बुटवल- ७, दिपनगर | स्वास्थ्य पूर्वाधार |
| ११ | नगरका रणनैतिक सडकहरुको DPR तयारी | विभिन्न वार्डहरुमा | सडक पूर्वाधार |

**प्रस्ताव नं. ९.१३.५**

वडा नं. १२ र वडा नं.१६ को हाटबजार संचालन सम्बन्धमा ।

**निर्णय नं. ९.१३.५**

यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका वडा नं. १२ स्थित तामनगरको र वडा नं. १६ स्थित सेमलार नरैनापुरको हाटबजार निजी क्षेत्र मार्फत संचालन तथा व्यवस्थापन गर्ने गरी आय ठेक्का बन्दोबस्ती सम्बन्धी बोलपत्र आव्हान गरिएकोमा ३ पटक सम्मपनि बोलपत्र खरिदमा कोही सहभागी नभएको हुँदा मिति २०८०/९/२२ मा बसेको राजश्व परामर्श समितिको बैठकको सिफारिस बमोजिम २०८१ असार मसान्त सम्म सम्बन्धित वडा कार्यालयहरुबाट नै उल्लेखित हाटबजारहरुको संचालन तथा व्यवस्थापन मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं.९.१३.६**

वडा नं. १६ स्थित बैठौलिया पिक्निक स्थलको संचालन तथा व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं ९.१३.६**

बुटवल उपमहानगरपालिका वडा नं. १६ स्थित बैठौलियामा रहेको पिक्निक स्थललाई चलायमान बनाउन प्रति सेड रु.२००।-शुल्क लिई मिति २०८१ असार मसान्त सम्मका लागि १६ नं. वडा कार्यालय मार्फत संचालन तथा व्यवस्थापन मिलाउने गरी मिति २०८०/९/२२ मा बसेको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सम्बन्धित वडा कार्यालयबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९.१३.७**

नगरस्तरीय प्रथम मेयरकप छात्र प्रतियोगिता सम्बन्धमा ।

**निर्णय नं. ९.१३.७**

मिति २०८०/१०/१२ मा बसेको नगर खेलकुद विकास समितिको बैठकको सिफारिस बमोजिम २०८० माघ २४ गते देखि ऐ. २९ गते सम्म हुने बुटवल नगरस्तरीय प्रथम मेयरकप छात्र प्रतियोगिता संचालनका लागि कार्यालयबाट पेश हुन आएको विविध विधामा हुने खर्चको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९.१३.८**

प्रोत्साहन सुविधा सम्बन्धमा ।

**निर्णय नं. ९.१३.८**

मिति २०८०/०९/१३ मा बसेको नगरसभाको १४ औं अधिवेशनबाट नदीजन्य पदार्थ चोरी निकासी नियन्त्रणमा खटिने सुरक्षाकर्मीहरुलाई संकलित जरिवाना रकमको २५ प्रतिशतले हुने रकम निर्णयानुसार भुक्तानी प्रयोजनार्थ भनी बजेट शीर्षक २२७११ मा रु. ३०,०००००।- बजेट व्यवस्था गरिएको । स्वीकृत बजेटबाट आर्थिक ऐन र आर्थिक तथा आन्तरिक नियन्त्रण कार्यविधि अनुसार तोकिएको प्रतिशत रकम वितरण गर्न नसकिएको हुँदा उक्त बजेट शीर्षक संशोधन गरी "नदीजन्य र खानीजन्य पदार्थको चोरी

निकासी नियन्त्रण वापत ईलाका प्रहरी र शसस्त्र प्रहरीलाई उपलब्ध गराईनेछ भनी उल्लेख भएको। साथै नदीजन्य, खानीजन्य, ठेला, ईरिक्सा, सडक अवरोध, सडकपेटी अवरोध जस्ता उपमहानगरपालिकाबाट राख्न निषेध गरिएका क्षेत्रहरुबाट असुल गरिएको जरिवाना रकम मध्येबाट २० प्रतिशत नगरप्रहरीलाई, ५ प्रतिशत रकम राजश्व प्रशासन र प्राकृतिक स्रोत तथा सम्पत्ति व्यवस्थापन शाखामा कार्यरत कर्मचारीहरुलाई शीर्षक परिवर्तन गरी प्रोत्साहन स्वरुप उपलब्ध गराउने व्यवस्था मिलाउने र उक्त विषय आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ९.१३.९**

नागरिक वडापत्र र लोगो तयार सम्बन्धमा।

**प्रस्ताव नं.९.१३.९**

यस बुटवल उपमहानगरपालिकाद्वारा चार भाषामा तयार भएको नागरिक वडापत्र हालका लागि पाँच हजार प्रति छपाई गर्ने र स्वीकृत लोगो पनि तयार गर्ने गरी प्रकिया अगाडि बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ९.१३.१०**

आयोजना स्वीकृत एवं सहयोग सम्बन्धमा।

**निर्णय नं. ९.१३.१०**

यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका देहायका वडाहरुमा देहाय बमोजिमका कार्यक्रमहरु संचालन एवं कार्यान्वयन गर्न आवश्यक भएको हुँदा चालु आ.व. ०८०/०८१ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अर्न्तगतको देहायको शीर्षकबाट बजेट व्यवस्था गर्ने गरी देहाय बमोजिमका आयोजना स्वीकृत गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने र कार्यक्रम सहयोग समेत उपलब्ध गराउने निर्णय गरियो।

| सि.नं. | योजना/कार्यकमको नाम | वडा नं. | रकम रु. | खर्च हुने शीर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १. | भैरवपथ,हात्तीसुढ सडक स्तरोन्नती | बुटवल-११ | ४,०००००/- | नगरप्रमुखको निर्णयमा हुने पूर्वाधार विकास सि.न. ६७० | |
| २. | मैत्रीपथ सडक स्तरोन्नती | बुटवल-१२ | ६,०००००/- | नगरप्रमुखको निर्णयमा हुने पूर्वाधार विकास सि.न. ६७० | |
| ३. | राष्ट्रिय महिला उद्यमी सम्मेलन सम्बन्धी कार्यकम | नेपाल उद्योग वाणिज्य महासंघ | ५,०००००/- | नगरप्रमुखको निर्णयमा हुने पूर्वाधार विकास सि.न. ६७० | |
| ४. | ब्रम्हकुमारी ईश्वरीय विश्व विद्यालय राजयोग प्रशिक्षण केन्द्र टायल मार्वल लगाउने कार्य | बुटवल-११देवीनगर,शाखा | ५,०००००/- | नगरप्रमुखको निर्णयमा हुने पूर्वाधार विकास सि.न. ६७० | |
| ५. | मनकामना देवसिद्ध राधाकृष्ण मन्दिर शौचालय निर्माण कार्य | बुटवल-११,तल्लोदेवीनगर ,रुपन्देही | २,०००००/- | नगरप्रमुखको निर्णयमा हुने पूर्वाधार विकास सि.न. ६७० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | राइज रोड सडक स्तरोन्नती | बुटवल-११ | २,०००००/- | नगरप्रमुखको निर्णयमा हुने पूर्वाधार विकास सि.न. ६७० | |
| ७. | तिनाउ तटवन्ध निर्माण तथा मर्मत | बुटवल-१ | २,५००००/- | नगरप्रमुखको निर्णयमा हुने पूर्वाधार विकास सि.न. ६७० | |
| ८. | ज्योति युवाक्लव भवन मर्मत | बुटवल-३ | १,५००००/- | नगरप्रमुखको निर्णयमा हुने पूर्वाधार विकास सि.न. ६७० | |
| ९. | सोइला खोला नाला निर्माण कार्य | बुटवल-१२ | ४,०००००/- | नगरप्रमुखको निर्णयमा हुने पूर्वाधार विकास सि.न. ६७० | |
| १०. | आई.सि.आई. पथ सडक स्तरोन्नती | बुटवल-९ | २,०००००/- | नगरप्रमुखको निर्णयमा हुने पूर्वाधार विकास सि.न. ६७० | |
| ११. | सफलता आमा समूह भवन निर्माण कार्य | बुटवल-१७,रानीगञ्ज | ६,०००००/- | नगरप्रमुखको निर्णयमा हुने पूर्वाधार विकास सि.न. ६७० | |

कूल रु. ४०,०००००/-

| सि.नं. | शीर्षक | वडा नं. | रकम रु. | खर्च हुने शीर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १. | सांस्कृतिक महोत्सव | बुटवल | १०,०००००/- | पूजीगत भैपरी ब.पु.सि.न.६०० | |
| २. | सैनामैना रेडियो | सैनामैना | १,०००००/- | पूजीगत भैपरी ब.पु.सि.न.६०० | |
| ३. | हरियाली वेलबोट टोल नाली निर्माण योजना | बुटवल-१३ | ४,०००००/- | पूजीगत भैपरी ब.पु.सि.न.६०० | |
| ४. | ईलाका प्रशासन कार्यालय बुटवल,रुपन्देही सामान खरिद | बुटवल | १,५००००/- | पूजीगत भैपरी ब.पु.सि.न.६०० | |
| ५. | लक्ष्मी पन्त,उपचार खर्च | बुटवल-१ | ५०,०००/- | पूजीगत भैपरी ब.पु.सि.न.६०० | |
| ६. | मुक्तिधाम टोल आमा समूह, भवन निर्माण(घाटमा मलामी बस्नको लागि) | बुटवल-१५ | १,५००००/- | पूंजीगत भैपरी ब.पु.सि.न.६०० | |
| ७ | ओसिङ थापा गुरुङ्ग | बुटवल-३ चेतना पासाङ्ग टोल | १५,०००।- | पूजीगत भैपरी ब.पु.सि.न.६०० | |

कूल रु.१८,६५०००/-

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदैं प्रमुखज्यूबाट, बैठक समाप्त भएको जानकारी गराउनु भयो ।